दुहुँ गाउँपालिका

दुहुँ राजपत्र

खण्ड - २ संख्या - ७ मितिः २०७५।०६।१६

**भाग - २**

| | |
|---|---|
| सभाबाट स्वीकृत मिति | २०७५।०६।०९ |

# दुहुँ गाँउपालिका विपद व्यवस्थापन कोष संचालन निर्देशीका २०७५

दुहुँ गाँउपालिका भित्र प्राकृतिक तथा गैर प्राकृतिक विपद्मा परेका व्यक्ती वा संस्थाहरुलाई उद्धार एवं राहत उपलब्ध गराउन दुहुँगाँउपालिका विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन ऐन २०७५ को दफा१२ बमोजिमको विपद् व्यवस्थापन कोष संचाालन गर्न सोहि ऐनको दफा २७ वमोजिम गाँउकार्यपालिकाको मिति २०७५ असौज ९ गते वसेको वैठक वाट पारित गरी यो निर्देशीका लागुगरेको छ ।

## परिच्छेद १

१: संक्षिप्त नाम र प्रारम्भः

क) यस निर्देशीकाको नाम विपद व्यवस्थापन कोष संचालन निर्देशीका २०७५ रहेको छ।

ख) यो निर्देशीका दुहुँ गाँउकार्यपालिकाले स्विकृत गरेको मिति देखि लागु हुनेछ।

२: बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशीकामा :

क) ऐन भन्नाले विपद् जोखिम न्यूनीकरण तथा व्यस्थापन ऐन २०७५ लाई बुझ्नु पर्दछ।

ख) मुल खाता भन्नाले दुहुँ गाँउपालिकाको खातालाई वुझ्नु पर्दछ।

## परिच्छेद २

३: दुहुँ गाँउपालिका विपद व्यवस्थापन कोषको संचालन देहाय बमोजिम हुनेछ।

क. दुहुँ गाँउपालिकाको मुल खाता वाट विपद व्यवस्थापनकोष शिर्षकमा हिसाव रहने गरी कोषको संचालन हुने छ।

ख. विपद् व्यवस्थापन कोषमा गाँउसभा वाट विनियोजित रकम तथा विपद् व्यवस्थापनका लागि प्रदेश, संघ सरकार तथा स्वदेशी कुनै संघ संस्था वाट प्राप्त रकम रहने छ।

४: कोष वाट दिन सकिने राहतः विपद् व्यवस्थापन ऐनमा उल्लेख भए बमाजिमको प्राकृतिक प्रकोप तथा गैर प्राकृतिक प्रकोपमा परेका व्यक्तिहरुलाई  गाँउ विपद व्यवस्थापन समितिले निर्णय गरी देहाय वमोजिमको राहत उपलव्ध गराउन सकिने छ।

क. मानविय क्षेती भएमा रु. १५०००/ ।

ख. वस्ने घर पूर्ण क्षेती भएमा रु. १५०००/ ।

ग. घरको आशिंक क्षेती भएमा रु. ५०००/ देखि रु. ७०००/ सम्म।

घ. वाली नोक्सान भएमा विउविजन, खाद्यान्न वा रु. १००० देखि रु. ३००० सम्म।

ङ. प्रकोपको प्रकृतिका आाधारमा सामग्री समेत राहत दिन सकिने छ।

३) राहत प्राप्त गर्न पेश गर्नु पर्ने कागजपत्रहरुः

क. प्रहरी प्रतिवेदन।

ख. वडा कार्यालयको सिफारिस।

ग. नेपाली नागरिकताको प्रमाणपत्रको छायाप्रति ।

घ. सक्कलै निवेदन ।

४) प्राकृतिक प्रकोपका कारणले सार्वजनिक पूर्वाधारको क्षेती हुन गई आम उपभोक्ताहरु मार्कामा पर्न गएमा निर्माण सामग्री( पाइप, जाली, सिमेन्ट आदि) उपलव्ध गराउने निर्णय गाँउ विपद व्यवस्थापन समितिले गर्न सक्ने छ ।

आज्ञाले,

अमर महरा

प्रमुख प्रशासकीय अधिकृत